# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः८) पञ्चकन्या, पौष महिना ०८ गते, २०८१ साल (अतिरिक्ताङ्क १**

### भाग–३

## पञ्चकन्या गाउँपालिका

## गाउँ कार्यपालिका कार्यालयको सूचना

पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०९/०८ गतेको कार्यपालिका बैठकबाट पञ्चकन्या गाउँपालिकाको "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७५" संशोधन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि**

**प्रस्तावना**

व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७५ मा संशोधन गर्न बान्छनिय भएकोले पञ्चकन्या गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम, क्षेत्र र प्रारम्भः**

क) यो कार्यविधिको नाम "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "मुल कार्यविधि" भन्नाले "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७५" लाई सम्झनुपर्दछ।

**३. मुल कार्यविधिको दफा १० को उपदफा (२) मा संशोधन**

मुल कार्यविधिको दफा १० को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राख्ने।

"(२) व्यवसाय दर्ता र नविकरणको हकमा अनुसूची-२ मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता र नविकरण शुल्क/दस्तुर लिईनेछ।"

**४. मुल कार्यविधिको दफा १० को उपदफा (५) मा संशोधन**

मुल कार्यविधिको दफा १० को उपदफा (५) मा (ङ) पछि (च) थप गरि देहायबमोजिम राख्ने।

"(च) नामसारीको व्यवस्था गर्ने साथै नामसारीको लागि दस्तुर रु. १०००/- लिईनेछ।"

**आज्ञाले**
**कृष्णहरि पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**